विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

# मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

## १. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः

- हाल प्रचलनमा रहेको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा क्षेत्राधिकार नभएको भनी मुद्दा खारेज भएपछि क्षेत्राधिकार भएको अदालतमा पुनः फिराद लिई अर्को मुद्दा दायर गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्थालाई सरलीकृत गरी अदालत आफैंले अधिकार क्षेत्र भएको अदालतमा तारेख तोकी पठाउने व्यवस्था गर्न।
- हाल कुनै मुद्दाको रोहमा कुनै लिखत किर्ते जालसाजी भन्ने दाबी परेमा अदालतले सो विषय बुझ्ने कानूनी व्यवस्था नरहेकोले अब कुनै मुद्दाको रोहमा कुनै लिखत किर्ते जालसाजी भन्ने दाबी परेमा अदालतले सोझै त्यस्तो विषयमा बुझी किर्ते जालसाज देखिए कसूर गर्ने व्यक्तिलाई सजाय गर्न सक्ने र लिखत सद्दे देखिए किर्ते वा जालसाजी दाबी गर्ने व्यक्ति उपर झुठ्ठा उजुरी दिनेलाई हुने सजाय गर्न सक्ने व्यवस्था गर्न,
- हाल जुन अदालतमा फिरादपत्र दर्ता भएको छ त्यस अदालतलाई त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकारक्षेत्र नरहेको देखिएमा अदालतले त्यस्तो मुद्दा खारेज गर्ने व्यवस्था रही वादीले सो मुद्दा पुनः सम्बन्धित अदालतमा दर्ता गर्न जानु पर्ने वा नपर्ने सम्बन्धी द्विविधा रहेको हुँदा सो व्यवस्था सहज बनाउन सम्बन्धित अदालतले संहिताको दफा ५७ बमोजिम त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनाराको लागि सम्बन्धित अदालतमा पठाउनु पर्ने व्यवस्था गर्न,
- फैसला कार्यान्वयनको अवस्थामा रहेको सम्बन्धित चल वा अचल सम्पत्ति मुद्दा चल्दा चल्दैको अवस्थामा कुनै किसिमबाट हस्तान्तरण गरिएको भए त्यस्तो कारोबार बदर गर्नको लागि मुद्दाको पक्षले अदालतमा निवेदन दिन सक्ने व्यवस्था थप गर्न।

## २. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः

- मुद्दाको कारबाही, सुनुवाई र किनारा सम्बन्धी कार्यविधिगत व्यवस्था सहज र प्रभावकारी हुने।

## ३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः

- हाल प्रचलित मुलुकी देवानी कार्यविधि संहिता, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्न तयार गरिएको प्रस्तुत विधेयक हाल कायम रहेकै व्यवस्थाबाट कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासल गर्न पुग्ने सहयोगः**

- देवानी कार्यविधि सम्बन्धी सरलीकृत व्यवस्थाले दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं १६ मा उल्लिखित विषय कार्यान्वयन गर्न सहज हुने र दिगो विकासको लागि सबैलाई न्यायमा पहुँच प्रदान गर्न सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

- देवानी कार्यविधि सम्बन्धी प्रक्रियागत व्यवस्थामा सहजता कायम हुने,
- मुद्दाको कारबाही, सुनुवाई र किनारा हुँदा अदालती प्रक्रियामा सरलता हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- नभएको।

**७. अन्य आवश्यक विषयः**

- विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेकोः-
    - ➢ मुद्दा दायर गर्दा ईमेल वा मोबाइल नम्बर समेत दिएको रहेछ भने पछि अदालतबाट सोही नम्बरमा वा इमेलमा म्याद तामेली गर्न सक्ने व्यवस्था हाल नरहेको हुँदा अदालतबाट मुद्दा दायर गर्दा दिइएको नम्बरमा वा इमेलमा म्याद तामेली गर्न सक्ने,
    - ➢ फैसला सुनिपाएको कागज नगरेको वा पुनरावेदनको म्याद तामेल नभएको अवस्था भए तापनि फैसला सम्बन्धित अदालतको वेबसाइटमा प्रकाशन भएको मितिले एक वर्ष नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानी पुनरावेदनको म्याद शुरु हुने,
    - ➢ तारिख, बयान, मिलापत्र, दोहोरो पुनरावेदन परेमा हुने कारबाही लगायतका कार्यविधिगत व्यवस्थालाई थप सरलीकृत गर्ने।